


# ३ जब तपाईँको संसार टुक्रा टुक्रा हुन थाल्छ र भत्किन थाल्छ

*__यस अध्यायका मूल पदहरू__*: **यशैया ७:१-९, यशैया ७:१०-१३ र यशैया ७:१४।**

*__यस अध्यायको मूल सार पद__*: **"...यदि तिमीहरू आफ्नो विश्‍वासमा स्थिर भएनौ भने तिमीहरू खड़ा रहनै सक्‍नेछैनौ' (वा तिमीहरूको अस्तित्व रहनेछैन)।" (यशैया ७:९ रूपान्तरित)।**

एक दिन साबथमा म र मेरी श्रीमती कनी चर्चपछि मोटर हाँक्दै थियौँ। हाम्रो अघि एउटा ठूलो कुखुराको भालेले हटारहटार बाट्यो काट्यो। के भयो होला भनेर हामी सोच्यौँ। त्यो भाले पालेको हुनाले आफ्नै खोरमा रहनुपर्थ्यो। तर त्यो भाले जसोतसो गरेर आफ्नो खोरबाट निस्केको थियो। के भयो भनेर हामीले बुझ्न खोज्यौं। छिमेकीको बिथोभन नाउँ गरेको कुकुर पनि आफ्नो घरको आँगनबाट बाहिर निस्केको थियो। उसको मुखमा डेजी कुखुरा थियो। डेजीलाई आफ्ना नरम भुवादारी सेता प्वाँखहरूले छोपेर अण्डा पार्दै थियो। कनीले डेजीलाई कुकुरको मुखबाट त खोसिन् तर उनले त्यस कुखुरालाई छिट्टै कुकुरको मुखबाट छुटाउन सकेन। उनको मनपर्ने अमूल्य कुखुराको घाँटी कुकुरले निचोरीसकेको थियो। कनीकै हातमा त्यस कुखुरा मऱ्यो। मरेको कुखुरा हातमा राख्दै उनी भुइँमा थचक्क बसिन र हुरुहुरु रुन थालिन्।

त्यो देखेर अर्को पालेको हाँसको मनमा ठूलो चोट परेको थियो। त्यो हाँस अग्लो, सेतो वाडलवर्थ नाउँ गरेको थियो। जब कनीले डेजीलाई हातमा लिइरहेकी थिइन् तब डेजीलाई कनीले नै मारेकी भनेर त्यस हाँसले भन्थान्यो। त्यसको फलस्वरुप केही हप्तासम्म जब जब कनीलाई त्यस वाडलवर्थले देख्यो तब तब अत्यन्तै महसुर भएर उनमाथी आक्रमण गर्न आउँथ्यो। कनीलाई

उसको बलियव चुच्चो थुतुनोले दुःख्ने गरेर थुङ्गन आउँथ्यो। कतिपय समयमा आफ्नो साथी को हो र शत्रु को हो त्यसलाई छुट्याउन हामीलाई गाऱ्हो पर्छ।

यस अध्यामा हामी यहूदाको राजाको बारेमा हेर्नेछौं। उनीसँग पनि त्यस्तै खालको समस्या थियो। उनका आफ्ना मानिसहरूमा को उनका हितैषी र को उनका शत्रुहरू हो सो छुट्याउन उनलाई मुश्किल परेको थियो। उसले किन गलत निर्णयहरू गरे सो पनि हामी बुझ्न प्रयास गर्नेछौं।

## १. उत्तरबाट खतरा (यशैया ७:१-९)

**"१ जब उज्जियाहका नाति, योतामका छोरा आहाज यहूदाका राजा थिए, तब अरामका राजा रसीन र इस्राएलका राजा रमल्याहका छोरा पेकह यरूशलेमको विरुद्धमा लड़ाइँ गर्न आए, तर उनीहरू विजयी हुन सकेनन्। २ अनि "एफ्राइमले अरामसित सन्धि गऱ्यो" भन्ने समाचार दाऊदको घरानाकहाँ पुग्यो। वनका रूखहरू बतासले हल्लाएझैं गरी आहाज र तिनका प्रजाका मन कामे। ३ तब परमप्रभुले यशैयालाई भन्नुभयो, "अब तिमी आफ्नो छोरो शार्यासूबलाई लिएर धोबीको खेतको बाटोमा गएर माथिल्लो पोखरीको नहरको आखिरी भागमा आहाजसित भेट गर, ४ र त्यसलाई भन्, 'होशियार होऊ, शान्त बस र तिमी नडराऊ। यी दुई धूवाँ उठ्ने अगुल्टा, रसीन र अरामको भयङ्कर रीस, र रमल्याहको छोराको कारण तिम्रो मन पनि कातर नहोस्। ५ अराम, एफ्राइम र रमल्याहको छोराले मिलेर यसो भन्दै तिम्रो सर्वनाश गर्न षड्यन्त्र रचेका छन्, ६ "हामीहरू यहूदामाथि आक्रमण गरौं। त्यसलाई टुक्रा-टुक्रा पारेर बाँड़ौं, र ताबेलका छोरालाई त्यसका राजा बनाऔं।" ७ तापनि परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, " 'यो हुन नै सक्दैन, यो हुँदैन नै। ८ किनकि अरामको शिर दमस्कस हो, र दमस्कसको शिर रसीन मात्रै हो। पैंसट्ठी वर्षभित्रैमा आफ्नो नाउँनिशानै मेटिने गरी एफ्राइम टुक्रा-टुक्रा पारिनेछ। ९ एफ्राइमको शिर त सामरिया हो, र सामरियाको शिरचाहिँ रमल्याहको छोरो मात्र नै हो। यदि तिमीहरू आफ्नो विश्वासमा स्थिर भएनौ भने तिमीहरू खड़ा रहनै सक्नेछैनौ'" (यशैया ७:१-९)।**

**आफ्नो राज्यकालको सुरुमा कस्तो भयाभव सङ्कट राजा आहाजले सामना गर्नुपरेको थियो? हेर्नुहोस् , २ राजा १५:३७,३८ "३७ (त्यस बेला परमप्रभुले अरामका राजा रसीन र रमल्याहका छोरा पेकहलाई यहूदाको विरुद्धमा पठाउन लाग्नुभयो।) ३८ योताम आफ्ना पित्रहरूसित सुते, र तिनका**

पुर्खा दाऊदको सहरमा तिनीहरूसितै गाड़िए। अनि तिनीपछि तिनका छोरा आहाज राजा भए।" (२ राजाहरू १५:३७-३८), २ राजा १६:५,६ "५ तब अरामका राजा रसीन र इस्राएलका राजा रमल्याहका छोरा पेकहले यरूशलेमको विरुद्धमा लड़ाइँ गरेर आहाजलाई घेरा हाले, तर तिनीहरूले जित्न सकेनन्। ६ त्यस बेला अरामका राजा रसीनले यहूदाका मानिसहरूलाई धपाएर एलातलाई अरामको निम्ति फेरि लिए। तब एदोमीहरू एलातमा पसे, र आजको दिनसम्म त्यसमा बसोबास गरेका छन्।" र यशैया ७:१,२ "१ जब उज्जियाहका नाति, योतामका छोरा आहाज यहूदाका राजा थिए, तब अरामका राजा रसीन र इस्राएलका राजा रमल्याहका छोरा पेकह यरूशलेमको विरुद्धमा लड़ाइँ गर्न आए, तर उनीहरू विजयी हुन सकेनन्।

२ अनि "एफ्राइमले अरामसित सन्धि गऱ्यो" भन्ने समाचार दाऊदको घरानाकहाँ पुग्यो। वनका रूखहरू बतासले हल्लाएझैं गरी आहाज र तिनका प्रजाका मन कामे।"

**दक्षिणमा रहेको यहूदाको सानो देशको बिरुद्धमा उत्तरमा रहेको इस्राएली राज्य एफ्रेम र सिरिया वा आराम राज्यमा गठबन्धन भएको थियो। यहूदालाई** एडोमी र फिलिस्तीहरूले आक्रमण गरेर कमजोर बनाइदिएकै अवस्थामा उत्तरका राज्यहरू यहूदाको विरुद्धमा एकसाथ खडा भएका थिए। विगतको समयमा यहूदाले इस्राएलको बिरुद्धमा युद्ध छेडेको थियो तर इस्राएल र सिरियाबीचको गठबन्धनले त्यो हमला बिनाशकारी भएको थियो। असेरियाको शक्तिशाली राजा टिग्लाथ-पिलिसेर तेश्रोको (२ राजा १५:१९मा "पुल" भनेर सम्बोधन गरिएको छ) विरुद्धमा इस्राएल र सिरियासँग मिलेर यहूदा पनि मिलेर युद्ध गरोस् भनेर यी राष्ट्रहरूले दवाव दिएका थिए। असेरियाको राजाले इस्राएल र सिरियामाथि हमला गरेर आफ्नो राज्य बढाउन चाहेका थिए। अझ ठूलो खताराको सामना गर्न इस्राएल र सिरियाको बीचमा भइरहेको लामो भिडन्तलाई पाखा लगाइ दिएको थियो। यदी इस्राएल र सिरिया दुवै मिलेर यहूदामाथि आक्रमण गरेर आफ्ना कठपुतली शासक खडा (यशैया ७:५,६) गर्न सकियो भने यहूदाका मानिसहरू तिनीहरूको निम्ति युद्धको स्रोत हुनसक्थ्यो।

**जब राजा आहाजले आफ्नो संसार टुक्रा टुक्रा अर्थात् आफ्नो राज्य कमजोर तहसनहस हुन थालेको देखेर त्यसबाट उकासिन उनले के समाधान निकाले? हेर्नुहोस्, २ राजा १६:७-९ "७ आहाजले अश्शूरका राजा**

**तिग्लतपिलेसेरकहाँ यसो भनेर समाचारवाहकहरू पठाए, "म तपाईंको दास र तपाईंकै मातहत सेवक हुँ। मलाई आक्रमण गर्ने अरामका राजा र इस्राएलका राजाबाट आएर मलाई बचाउनुहोस्।" ८ अनि आहाजले परमप्रभुको मन्दिरमा र राजमहलका भण्डारहरूमा भेट्टाएका सुन र चाँदी लिएर कोसेलीको रूपमा अश्शूरका राजाकहाँ पठाए। ९ अश्शूरका राजाले तिनका कुरा सुने, र दमस्कसलाई आक्रमण गरेर उनले त्यो कब्जा गरे। उनले त्यहाँका बासिन्दाहरूलाई निर्वासन गरेर कीरमा लगे, र रसीनलाई मारे।" र २ इतिहास २८:१६ "त्यस बेला राजा आहाजले अश्शूरका राजाकहाँ सहायता मागिपठाए।"**

आफूलाई र आफ्नो देशलाई उद्धार गर्न सक्ने केवल एकमात्र मित्र परमेश्वर हुनुहुन्छ भन्ने आस्थालाई पन्छाएर आहाजले आफ्ना शत्रुहरूका शत्रु **तिग्लतपिलेसेर**सँग मित्रताको हात मिलाउन प्रयास गरे। असेरियाका राजाले सिरिया र इस्राएलको विरुद्धमा लड्न आहाज अनुरोधलाई खुशीसाथ सहमत देखाए। आहाजबाट **तिग्लतपिलेसेरले** ठूलो घुसमात्र लिएनन् उनले सिरियासँग हमला गरेर आफ्नो हातमा लिन असल निहुँ पाए (२ राजा १६:९)। सिरिया र इस्राएलक गठबन्धनको शक्ति टुक्रिएको थियो। झट्ट हेर्दा आहाजले आफ्नो देश यहूदालाई बचाएको जस्तो देखिएको थियो।

आहाजको कदमलाई आश्चर्य मान्नुपर्दैन। यहूदामा राज गरेका राजाहरूमध्ये आहाज सबभन्दा खराब राजा भनेर सम्बोधन गरिएको छ। बाइबलको नजरमा त्यो राजा किन खराब देखियो? हेर्नुहोस् २ राजा १६:१-४ "१ रमल्याहका छोरा पेकहको सत्रौं वर्षमा यहूदाका राजा योतामका छोरा आहाजले राज्य गर्न लागे। २ जब आहाज राजा भए तब तिनी बीस वर्षका थिए, र तिनले यरूशलेममा सोह्र वर्ष राज्य गरे। तिनले आफ्ना पुर्खा दाऊदले गरेझैं परमप्रभुको दृष्टिमा जे कुरो असल थियो त्यही गरेनन्। ३ इस्राएलका राजाहरूका चालमा तिनी हिँड़े। इस्राएलको सामुबाट जुन जातिहरूलाई परमप्रभुले निकाल्नुभएको थियो, *तिनीहरूकै घिनलाग्दा चालमा हिँड़ेर तिनले आफ्नो छोरालाई पनि आगोमा होम गरे। ४ तिनले अल्गा-अल्गा ठाउँहरू र डाँड़ाका टाकुराहरूमा र हरेक झ्याम्म परेको रूखमुनि बलिदानहरू चढ़ाए र धूप बाले*।" र २ इतिहास २८:१-४ "१ आहाज राजगद्दी आरोहण गर्दा बीस वर्षका थिए। तिनले यरूशलेममा सोह्र वर्ष राज्य गरे। तिनले आफ्ना पुर्खा दाऊदले गरेझैं जे कुरो परमप्रभुको दृष्टिमा असल थियो त्यही गरेनन्। २

तिनी इस्राएलका राजाहरूका चालमा हिँडे, र बाल देवताहरूका निम्ति ढलौटे मूर्तिहरू बनाए। ३ तिनले बेन-हिन्नोमको बेँसीमा बलिदानहरू पनि चढ़ाए। *इस्राएलको सामुन्नेबाट जुन जातिहरूलाई परमप्रभुले देशबाट निकाल्नुभएको थियो, उनीहरूकै घिनलाग्दा चालमा हिँडेर तिनले आफ्ना छोराहरूलाई आगोमा होम गरे। ४ तिनले अल्गा-अल्गा ठाउँहरू र डाँड़ाका टाकुराहरूमा र हरेक झ्याम्म परेको रूखमुनि बलिदानहरू चढ़ाए र धूप बाले।"*

खतराको सामना गर्न राजा आहाजले जुन कदम चलाए त्यो उनको स्वभावलाई थाहा पाउँदा हामी बुझ्न सक्दछौं। हाम्रो ब्यक्तिगत जीवनमा त्यसबाट हामीले के पाठ सिक्नसक्दछौं? जब अहिले नै हामीहरूले परमेश्वरका वचनहरू पालन गरेर उहाँको बाटोमा हिँडेनौंभने हामीलाई दुःखकष्ट वा परिक्षा आउँदा त्यसबेला हामीमा उहाँमाथि भरोसा राख्न प्रसस्त विश्वास हुन्छ भन्ने के ठेगाना छ र? हेर्नुहोस्, याकूब २:२०-२४ "२० मूर्ख हो, कामविनाको विश्वास व्यर्थ हुन्छ भन्ने कुराको प्रमाण चाहन्छौ? २१ जब हाम्रा पुर्खा अब्राहामले आफ्नो छोरो इसहाकलाई वेदीमा अर्पण गरे, तब तिनी कामद्वारा नै धर्मी ठहरिएनन् र? २२ तिमी देख्तछौ, कि तिनका कामहरू सँगसँगै विश्वास क्रियाशील थियो, र कामद्वारा नै विश्वास पूर्ण भएको थियो। २३ पवित्रधर्मशास्त्रको यसो भन्ने वचन पूरा भयो, "अब्राहामले परमेश्वरमा विश्वास गरे, र यो उनको निम्ति धार्मिकता गनियो," र उनी परमेश्वरका मित्र कहलिए। २४ तिमीहरू देख्तछौ कि कामद्वारा मानिस धर्मी ठहरिँदोरहेछ, विश्वासद्वारा मात्र होइन।" र यर्मिया १२:१-६ "१ हे परमप्रभु, तपाईं सधैं धर्मी हुनुहुन्छ, जब म तपाईंको अगि मुद्दा पेश गर्छु। तापनि तपाईंका न्यायको विषयमा म तपाईंसित कुरा गर्न चाहन्छु। दुष्टहरूको चाल किन सफल हुन्छ? अविश्वासीहरू किन आरामसित बस्छन्? २ तपाईंले तिनीहरूलाई रोप्नुभएको छ, र तिनीहरूले जरा हालेका छन्। तिनीहरू बढ्छन्, र फल फलाउँछन्। तिनीहरूका मुखमा तपाईंको नाउँ त छ, तर तिनीहरूका हृदयबाट चाहिँ तपाईं टाढ़ा हुनुहुन्छ। ३ तापनि हे परमप्रभु, तपाईं मलाई जान्नुहुन्छ, तपाईं मलाई देख्नुहुन्छ, र तपाईंसम्बन्धी मेरा विचारहरूलाई जाँच्नुहुन्छ। मार्नलाई लैजाने भेड़ाहरूलाई झैं तिनीहरूलाई तान्दै लानुहोस्, र मारिने दिनको लागि ती अलग राख्नुहोस्! ४ देशमा कहिलेसम्म खड़ेरी परिरहने? र मैदानका घाँस कहिलेसम्म ओइलाइरहने? त्यहाँ बस्नेहरू दुष्ट भएका हुनाले, त्यहाँका पशुपन्क्षीहरू सबै नष्ट भएका छन्। त्यसबाहेक "हामीमाथि के हुँदैछ उहाँले देख्नुहुन्न" भनी

**मानिसहरू भनिरहेछन्। ५ "यदि तिमी ती मानिसहरूसित दगुरियौ र तिनीहरूले तिमीलाई थकाए भने, घोड़ाहरूसित तिमी कसरी दगुर्न सक्छौ र? यदि सुरक्षित स्थानमा नै तिमी फर्कियौ भने, यर्दननेरका झाड़ीहरूमा तिमी के गर्छौं? ६ तिम्रा दाजुभाइहरू, तिम्रा आफ्नै परिवारले नै तिमीसित विश्वासघात गरेका छन्। तिनीहरू तिम्रो विरुद्धमा जोरसित कराउँदैआएका छन्। तिनीहरूले तिमीसित मीठा कुरा गरे तापनि तिमीले तिनीहरूमाथि भरोसा नगर्।"**

## २. हस्तक्षेप गर्ने प्रयास (यशैया ७:३-९)

इस्राएल र सिरियाबाट आएको धम्किलाई सामना गर्न कस्तो खालको राजनैतिक खेल खेल्नुपर्छ भनेर जब आहाजले सोचिरहेका थिए त्यसबेला परमेश्वरलाई केही कुरो थाहा थियो जुन् राजालाई थाहा थिएन। एउटा कुरो स्पष्ट थियो। राजालाई आएको सङ्कट परमेश्वरकै अनुमतिले आएको थियो। उनलाई अनुशासनमा राख्न र आफूले गरेका गल्तीहरूबाट फर्किउन् भन्ने परमेश्वरको चाहना थियो ("२ तिनी इस्राएलका राजाहरूका चालमा हिँड़े, र बाल देवताहरूका निम्ति ढलौटे मूर्तिहरू बनाए। ३ तिनले बेन-हिन्नोमको बेंसीमा बलिदानहरू पनि चढ़ाए। इस्राएलको सामुन्नेबाट जुन जातिहरूलाई परमप्रभुले देशबाट निकाल्नुभएको थियो, उनीहरूकै घिनलाग्दा चालमा हिँड़ेर तिनले आफ्ना छोराहरूलाई आगोमा होम गरे। ४ तिनले अल्गा-अल्गा ठाउँहरू र डाँड़ाका टाकुराहरूमा र हरेक झ्याम्म परेको रूखमुनि बलिदानहरू चढ़ाए र धूप बाले। ५ यसकारण परमप्रभु तिनका परमेश्वरले तिनलाई अरामका राजाको हातबाट हार खुवाउनुभयो। अरामीहरूले तिनलाई परास्त गरेर तिनका मानिसहरूमध्ये धेरै जनालाई कैद गरेर दमस्कसमा लगे। तिनी इस्राएलका राजाको हातमा पनि परे, र ती राजाले तिनलाई सम्पूर्ण परास्त गरे... १९ इस्राएलका* राजा आहाजको कारणले नै परमप्रभुले यहूदालाई विनम्र तुल्याउनुभएको थियो, किनभने यहूदामा तिनले दुष्टता बढ़ाएर तिनी परमप्रभुतर्फ साह्रै नै विश्वासघाती भएका थिए।" २ इतिहास २८:२-५,१९)।

फेरि मानव दृष्टिकोणले हेर्दा असेरियाका राजा तिग्लाथपिलसेरसँग सहायताको निम्ति अनुरोध गर्नु तर्कयुक्त र मनासिव देखिएको थियो। तर परमेश्वरलाई यो थाहा थियो कि दाउदको राज्य यहूदा विदेशी शक्तिको नियन्त्रणमा रहनेछ जसबाट उनी कहिल्यै पनि सन्तोषको सास फेर्न पाउनेछैन।

जुन कदम राजाले चालेतापनि त्यो अत्यन्तै जोखिमपूर्ण थियो। त्यसकारण राजालाई हस्तक्षेप गर्न परमेश्वरले यशैयालाई उनकहाँ पठाउनुभएको थियो (त्यसबेला राजाले यरुशलेममा पानी आपूर्ति गर्ने ठाउँलाई हेर्दै थिए। यस सहरलाई कब्जा गर्ने राजाको योजना थियो)। असेरियाको राजासँग सम्पर्क नगरोस् भनेर दवाव दिन यशैया राजा आहाजकहाँ परमेश्वरले पठाउनुभएको थियो।

**यशैया एक्लो नगइकन उनले आफ्नो छोरो शार्यासूबलाई पनि लान परमेश्वरले उनलाई किन भन्नुभयो? "तब परमप्रभुले यशैयालाई भन्नुभयो, "अब तिमी आफ्नो छोरो शार्यासूबलाई लिएर धोबीको खेतको बाटोमा गएर माथिल्लो पोखरीको नहरको आखिरी भागमा आहाजसित भेट गर्नु" (यशैया ७:३)।**

आफ्नो छोरोलाई चिनाउँदै राजा आहाजलाई अभिवादन गर्दा उनी छक्क परोस् भन्ने परमेश्वरको नियत थियो। यशैयाको छोरोको नाउँ **शार्यासूब थियो** जसको अर्थ "बाँकि वा बचेखुचेका फर्किनेछन्" थियो। केको बाँकि वा बचेखुचेको? केबाट फर्किने? केटोको बुबा अगमवक्ता थिए। त्यसले गर्दा केटो नाउँ नै परमेश्वरको निर्णायत्मक सन्देश थियो। मानिसहरू युद्धबन्दीभएर निर्वासनमा जानेछन् सन्देश त्यस केटोको नाउँले दिएको थियो। वा पश्चाताप गरेर परमेश्वरतिर फर्कनु त्यस नाउँले आभास दिन्छ (फर्कनुभन्ने क्रियापदले पश्चाताप भन्ने अर्थ पनि हुँदछ)। जेभएतापनि राजा आहाजलाई परमेश्वरको सन्देश यो थियो: तिमीले जुन अर्थमा चल्छौ त्यसै अनुसार चल! तिमी आफ्नो पापहरूबाट फर्क वा युद्धबन्दी भएर अरू मानिसहरूसँग निर्वासनमा जाऊ, र निर्वासनबाट थोरै मानिसहरू फर्किनेछन्। जे तिमी निर्णय गर्छौ त्यो तिमीमा नै भर पर्दछ!

**राजाको परिस्थितिमा परमेश्वरको सन्देश कसरी सम्बोधन गरिएको थियो? हेर्नुहोस् यशैंया ७:४-९ "४ र त्यसलाई भन्, 'होशियार होऊ, शान्त बस र तिमी नडराऊ। यी दुई धूवाँ उठ्ने अगुल्टा, रसीन र अरामको भयङ्कर रीस, र रमल्याहको छोराको कारण तिम्रो मन पनि कातर नहोस्। ५ अराम, एफ्राइम र रमल्याहको छोराले मिलेर यसो भन्दै तिम्रो सर्वनाश गर्न षड्यन्त्र रचेका छन्, ६ "हामीहरू यहूदामाथि आक्रमण गरौं। त्यसलाई टुक्रा-टुक्रा पारेर बाँडौं, र ताबेलका छोरालाई त्यसका राजा बनाऔं।" ७ तापनि परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ, " 'यो हुन नै सक्दैन, यो हुँदैन नै। ८ किनकि अरामको शिर दमस्कस हो, र दमस्कसको शिर रसीन मात्रै हो। पैंसट्ठी वर्षभित्रैमा आफ्नो**

**नाउँनिशानै मेटिने गरी एफ्राइम टुक्रा-टुक्रा पारिनेछ। ९ एफ्राइमको शिर त सामरिया हो, र सामरियाको शिरचाहिँ रमल्याहको छोरो मात्र नै हो। यदि तिमीहरू आफ्नो विश्वासमा स्थिर भएनौ भने तिमीहरू खड़ा रहनै सक्नेछैनौ'।" (यशैया ७:४-९)।**

सिरिया र इस्राएलबाट आउने धम्कि वा डर पार हुनेछ र यहूदा सुरक्षित हुनेछ। राजा आहाजको निम्ति अत्यन्तै महान्, आगोको ज्वाला दन दन निस्किरहेका ज्वालामूखी परमेश्वरको दृष्टिमा केवल "यी दुई धूवाँ उठ्ने अगुल्टाहरू"मात्र हुन् (यशैया ७:४ रूपान्तरित)। भनाईको तात्पर्य यो हो कि राजा आहाजले असेरियासँग सहयोगको निम्ति बिन्ति गर्नुपर्दैन।

तर ठीक निर्णय गर्नको निम्ति दुईवटा शर्तहरू थिए। आहाजले परमेश्वरमाथि र उहाँका वचनहरूमा भरोसा राख्नु पर्दथ्यो। यदी आफ्नो अस्तित्व कायमै राख्न चाहन्छ, आफूलाई स्थिर राहन चाहन्छ वा स्थायित्व कायमै राख्न चाहन्छ भने उनले परमेश्वरमा विश्वास गर्नु अनिवार्य थियो (यशैया ७:९)। "विश्वास" र "खडा वा स्थायित्व" भन्ने शब्द हिब्रू भाषाको एउटै मूल शब्दबाट आएको हो। त्यसैबाट "सत्य" (वा भरपर्दो) शब्द आएको छ। *आमेन* शब्द पनि त्यही मूल शब्दबाट आएको हो। (यसको अर्थ सत्य र भरपर्दो हो)। आफू निश्चित हुन राजा निश्चित हुनुपर्दथ्यो। भरपर्दो हुन उनी परमेश्वरमाथि भर पर्नुपर्थ्यो।

**यशैया ७:९को वाक्यको अन्तिम भाग फेरि हेर्नुहोस। स्थिर हुन, खडा हुन वा आफ्नो स्थायीत्व कायमा राख्न आस्था र विश्वासले किन महत्त्वपूर्ण भाग खेल्दछ? केमा स्थिर, खडा वा स्थायीत्व हुने? यही नीति येशूलाई विश्वास गर्नेहरूको जीवनमा पनि किन लागु हुनसक्छ?**

## ३. अर्को मौका (यशैया ७:१०-१३)

**"१० फेरि परमप्रभुले आहाजलाई भन्नुभयो, ११ "तल गहिरोभन्दा गहिरोबाट होस् वा माथिभन्दा माथिबाट होस्, परमप्रभु आफ्ना परमेश्वरसित कुनै एउटा चिन्ह माग्।" १२ तर आहाजले भने, "म माग्नेछैनँ। म परमप्रभुको परीक्षा गर्नेछैनँ।" १३ तब यशैयाले भने, "हे दाऊदका घराना, अब सुन! के मानिसहरूको धैर्यलाई जाँच्न यथेष्ट भएन? के तिमीहरू मेरा परमेश्वरको धैर्यलाई जाँच्छौ?" (यशैया ७:१०-१३)।**

परमेश्वरमाथि गर्नुपर्ने आस्था र विश्वासको यशैयाले गरेका अनुरोध तत्कालै जवाफ दिएन। परमेश्वरले फेरि आफ्नो करुणा देखाउनुभएर राजालाई अर्को मौका दिनुभयो। आफ्ना परमेश्वरसँगै ""तल गहिरोभन्दा गहिरोबाट होस् वा माथिभन्दा माथि आकाशबाट होस्, कुनै एउटा चिन्ह माग्।" यशैया ७:११) भनेर परमेश्वरले भन्नुभयो। परमेश्वरमाथि विश्वास वा आस्था राख्न मानव जातिलाई गरिएको कुनै पनि आह्वानहरूमा यो एउटा सबभन्दा ठूलो आह्वान वा निमन्त्रणा हो। यो कुनै चिट्ठा वा भाग्यशाली उपहारहरूमा आकर्षित ढँगले छापिएका सिमित शर्तहरू परमेश्वरले राख्नुभएको थिएन। आफ्नो राज्यको आधा भाग दिन्छु भन्ने मानव शासकहरूले जस्तै उहाँले वचन दिनुभएन। ती शासकहरूले आफ्नो उदारता देखाउन आफूले दिन सक्ने सिमाको उचाइमा पुग्न वचन दिएका थिए (एस्थर ५:६, एस्थर ७:२, मर्कूस ६:२३)। त्यस दुष्ट राजाले परमेश्वरमाथि र उहाँको वचनमा केवल विश्वासमात्रै गरे भने परमेश्वरले सारा स्वर्ग र पृथ्वी नै उनमाथि खन्याउन उहाँ राजी हुनुभएको थियो! परमेश्वरको प्रतिज्ञा वा वाचाको प्रमाणको निम्ति राजाले सुनको पहाड वा भुमध्य सागरमा भएका बालुवा जस्तै सैनिकहरू माग्न सक्थे।

**राजा आहाजले जुनरूपमा यशैयालाई जवाफ दिए त्यो किन थियो? हेर्नुहोस् यशैया ७:१२ "तर आहाजले भने, "म माग्नेछैनँ। म परमप्रभुको परीक्षा गर्नेछैनँ।"**

झट्ट हेर्दा राजाको जवाफ धर्मी र परमेश्वरलाई आदर गरिएको जस्तो देखिन्छ। उनले परमेश्वरलाई परिक्षामा पार्न चाहन्न रे जसरी शताब्दीयौं पहिले आफ्ना मरुभूमिका यात्राहरूमा इस्राएलीहरूले गरेका थिए (प्रस्थात १७:२, व्यवस्था ६:१६)। तर फरक के थियो भने मानिसले परमेश्वरलाई रिस उठाउन स्वइच्छाले जाँच्ने नभएर परमेश्वर आफैले राजालाई उहाँबाट प्रमाण खोज्न आह्वान गर्नुभएको थियो (मलाकी ३:१०मा दशांशको बारेमा यस्तै भन्नुहुन्छ "सम्पूर्ण दशांश ढुकुटीमा ल्याओ, ताकि मेरो घरमा भोजन रहोस्। यसमा मलाई जाँचेर हेर," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, "म स्वर्गका ढोकाहरू उघारेर पर्याप्त ठाउँ पनि नहुनेसम्मका आशिष् तिमीहरूमाथि बर्साउँछु वा बर्साउँदिनँ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ")। परमेश्वरले आफ्नो हृदयदेखि पोखाउनुभएको बिशाल उदारता बरदानलाई हामीले ग्रहण गर्न सकियौं भने उहाँ अत्यन्तै खुशी हुनुहुनेछ। यो उहाँको धैर्यताको परिक्षा

होइन। तर आहाज राजाले परमेश्वरमाथि विश्वास गरोस् भनेर सघाउन परमेश्वरले नै प्रदान गर्नुभएको अवसरलाई स्वीकार गर्न उनी राजी भएनन्। राजाले परमेश्वरलाई विश्वास नगर्न आफ्नो मनको ढोकालाई बन्द गरेर तगारो लगाइ दिए।

**यशैया ७:१३ हेर्नुहोस्। यहाँ यशैयाले के भनिरहेका थिए? "तब यशैयाले भने, "हे दाऊदका घराना, अब सुन! के मानिसहरूको धैर्यलाई जाँच्न यथेष्ट भएन? के तिमीहरू मेरा परमेश्वरको धैर्यलाई जाँच्छौ?"**

यहाँ यशैयाले राजालाई औंल्याइरहेका वचन अत्यन्तै सारगर्भित र स्पष्ट छ। परमेश्वरकै निजि आह्वानमा उहाँलाई जाँच्न राजाले अस्वीकार गर्दा उनले परमेश्वरलाई थकित पारिरहेका थिए। राजाले देखावटीरूपमा परमेश्वरलाई नपेल्ने वा नजाँच्ने भनेर मुखले ठिक्क पारेका थिए। यस पदमा एउटा मनै हल्लाउने खालको वाक्य लेखिएको छ। यस पदमा यशैयाले "मेरा परमेश्वर" भनेर सम्बोधन गरिएको छ भने यशैया ७:११मा अगमवक्ताले प्रभु "तपाईंको परमेश्वर"बाट चिन्ह वा प्रमाण माग्नुहोस् भनेर राजालाई भनिरहेका थिए। जब परमेश्वरले प्रदान गर्नुभएको अवसरलाई राजाले अस्वीकार गरे तब उनले परमेश्वर उनका परमेश्वर हुनुहुन्छ भनेर अस्वीकार गरेका थिए वा पन्छाएका थिए। यस समयमा परमेश्वर यशैयाको परमेश्वर भनेर देखाइएको थियो तर राजा आहाजको होइन।

**परमेश्वरको सहनशीलता र हामी सबैलाई उहाँले प्रदान गर्नुहुने मुक्तिमा सहभागी गराउन उहाँको चाहनालाई यस बुँदाको अध्यनले हामीलाई के सिकाउँछ? जब हामीले हाम्रो हृदय परमेश्वरलाई पूरै समर्पित गरेनौं भने हाम्रो मानव हृदयको कठोरता र अन्धोपनाको बारेमा यसले हामीलाई कसरी बताउँछ? अन्तमा यदि आहाजले परमेश्वरकै वचन अनुसार उहाँले दिनुहुने चिन्ह वा प्रमाण जुटाइदिनुभयो भने के उनले उहाँलाई विश्वास गर्ने थिए त? केलाएर सोच्नुहोस्।**

## ४. पुत्रको चिन्ह (यशैया ७:१४)

परमेश्वर यहूदासँग छ भनेर विश्वस्त गराउन "गहिरोभन्दा गहिरो र आकाशभन्दामाथी" (यशैया ७:११ रूपान्तरित) चिन्ह वा प्रमाण राजाले खोज्यो भने म दिनेछु भन्ने परमेश्वरको वचनले राजालाई हल्लाएन। तब परमेश्वर आफै चिन्ह वा प्रमाण जुटाउँछु भन्नु भयोः "१४ यसैकारण परमप्रभु आफैले

तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ। हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ।" (यशैया ७:१४)। जब मानवीय सोच र कल्पनाबाहिरको कदम परमेश्वरले चाल्नुहुन्छ त्यो कदम हाम्रो निम्ति यस्तो आश्चर्यचकित हुन्छ जुन् केवल ईश्वरीय कल्पनाको परिधिमामात्र हुन्छ। यसै सन्दर्भमाः यशैया ५५:८,९ "८ "किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। ९ जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्।" र १ कोरन्थी २:६-९ "६ तापनि परिपक्व भएकाहरूका बीचमा हामी बुद्धिको प्रचार गर्दछौं, तर यस युगको बुद्धि होइन, न त यस युगका शासकहरूको बुद्धि, जो निश्चय बितिजानेछ। ७ तर हामी परमेश्वरको गुप्त र लुकेको बुद्धिको प्रचार गर्दछौं, जो युगयुगअघि हाम्रो महिमाको निम्ति परमेश्वरले नियुक्त गरिदिनुभयो। ८ यस युगका कुनै पनि शासकहरूले त्यो कुरा बुझेनन्। तिनीहरूले बुझेका भएदेखि महिमाका प्रभुलाई क्रूसमा टाँग्ने नै थिएनन्। ९ तर यसो लेखिएको छ, "आँखाले नदेखेका र कानले नसुनेका र मानिसले मनमा नसोचेका, यी नै कुरा परमेश्वरले उहाँलाई प्रेम गर्नेहरूका निम्ति तयार पार्नुभएको छ।"

परमेश्वर आफैले उपलब्ध गराउनुहुने चिन्ह आश्चर्यचकित थियो। त्यो चिन्ह पुत्र रे! तर त्यस समयको बाइबलको परिप्रेक्षमा एक जना युवतीले बालक जन्माउनेछिन् र उनको नाउँ "इम्मानुयल" राखिनेछ भन्ने चिन्ह कसरी हुनसक्छ?

## ५. त्यो स्त्री को थिइन् र उनको बालक को हो?

गिडियोन (न्यायकर्ता ६:३६-४०) जस्ता मानिसहरूलाई देखाएका चिन्हहरू तिनीहरूकै सामुने पूरा भएका थिए। तर स्त्रीले छोरो जन्माउने महत्त्वपूर्ण चिन्ह पुरानो करारका मानिसहरूको सामु पूरा भएको थियो भनेर पुरानो करारको कुनै पनि भागमा औंल्याएको छैन। तर पुरानो करारकै आधारमा त्यो चिन्ह पूरा भएका केही प्रमाणहरू हामी सोच्न सक्दछौं:

अ. "कन्या गर्भवती हुनेछन्" वा युवती गर्भवती हुनेछ भन्नुको अर्थ कुनै युवती जो बिवाह गर्ने उमेरको भन्ने जनाउँछ। उनी यरुशलेममा जीवित भएकी स्त्री भनेर धेरैले अनुमान गर्दछन्। यसमा यशैयाकी श्रीमतीलाई पनि औंल्याएको

हुनसक्छ भनेर मानिसहरूले ठानिएका छन्। यशैया ८:३मा अगमवादिनीले यशैयाको निम्ति छोरो जन्माएकी थिइन् भनेर उल्लेख गरिएको छ (यो स्त्री यशैयाकी श्रीमती थिइन् जसले आफ्ना छोराहरू जन्माएर नाउँ दिंदा ती नाउँहरूले भविष्यवाणीको सङ्केट गरेको थियो। उदाहरणमा, यशैया ७:३ "तब परमप्रभुले यशैयालाई भन्नुभयो, “अब तिमी आफ्नो छोरो शार्यासूबलाई लिएर धोबीको खेतको बाटोमा गएर माथिल्लो पोखरीको नहरको आखिरी भागमा आहाजसित भेट गर," यशैया ८:१८ "म र परमप्रभुले मलाई दिनुभएका छोराछोरीहरू यहीं नै छौं। सियोन पर्वतमा विराजमान हुनुहुने सर्वशक्तिमान् परमप्रभुतर्फबाट इस्राएलमा हामी चिन्ह र लक्षण हौं।" तर यस छोरोको नाउँ इम्मानुयल नभएर अर्कै थियो। हेर्नुहोस् "१ परमप्रभुले मलाई भन्नुभयो, “आफ्नो निम्ति एउटा ठूलो कागतको मुट्ठा ल्याऊ, र त्यसमा साधारण कलमले ‘महेर-शालल-हाज-बज’ भनेर लेख्नु। २ अनि म यसलाई पक्का गर्नलाई मेरा दुई विश्वासयोग्य गवाहहरू, अर्थात् उरियाह पूजाहारी र येबेरक्याहको छोरो जकरियालाई बोलाउनेछु।” ३ तब मेरी पत्नी अगमवादिनीकहाँ म गएँ, र तिनी गर्भवती भएर एउटा छोरो जन्माइन्। अनि परमप्रभुले मलाई भन्नुभयो, “त्यसको नाउँ महेर-शाललहाज-बज राख्। ४ बालकले ‘मेरा बाबु’ र ‘मेरी आमा’ भन्न जान्न अघि नै दमस्कसको धन र सामरियाको लूट अश्शूरका राजाले लैजानेछ।” यशैया ८:१-४। यद्यपि यशैयाका ती छोराहरूको चिन्ह केही हदसम्म मिलेको देखिन्छ किनभने तिनीहरू ठूलो भएर असल र खराब चुन्ने चेतना हुनुअघि नै सिरिया र उत्तरी इस्राएल तहसनहस हुनेथियो (यशैया ७:१६ "तर बालकले खराबलाई इन्कार गर्न र असललाई छान्न अघि त्यो देश उजाड़ पारिनेछ, जसका दुई राजाहरूदेखि तिमीहरू डराएका छौ।" र यशैया ८:४ "बालकले ‘मेरा बाबु’ र ‘मेरी आमा’ भन्न जान्न अघि नै दमस्कसको धन र सामरियाको लूट अश्शूरका राजाले लैजानेछ।”

आ. इम्मानुएल भन्नुको अर्थ राजा आहाजको छोरो हिजकिया भनेर कतिले सोच्दछन्। किनकि आहाज पछि हिजकिया राजा भएका थिए। तर उनलाई नै इम्मानुएल भनेर नाउँ तोकिएको कहीं पनि छैन।

इ. इम्मानुएल भन्ने नाउँ नै रहस्यमय छ। यसलाई प्रायजसो "परमेश्वर हामीहरूसँग" भन्ने जनाउँछ। त्यसको अर्थ परमेश्वरको उपस्थिति हो। उहाँ त्यही विशेष पुत्र हुनसक्छ जुन् यशैया ९ र ११मा भविष्यवाणी गरिएको थियो। यदि हो उनको वयान जुन अति महान् तरिकाले गरिएको छ उनी

ईश्वरीय व्यक्तित्व हुनुपर्छ भनरे मानिलिनुपर्छ (यशैया ९:६ "किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ। हाम्रा निम्ति एउटा छोरो दिइएको छ। शासन उहाँको काँधमा हुनेछ। उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ") र उहाँ यिशैको बंशबाट आएको हो ("त्यस दिन मानिसहरूका निम्ति यिशैको वंशबाट एउटा झन्डाजस्तै खड़ा हुनेछ। जाति-जातिहरू उहाँकहाँ भेला हुनेछन्, र उहाँको विश्रामको स्थान महिमामय हुनेछ" यशैया ११:१०)। त्यो महामहिम व्यक्ति चाहे असल राजा हिजकिया नै किन नहोस् सबै मानवीय शक्तिशाली राजा भन्दा अपारको हुनुपर्छ।

ई. कुनै पनि विवाहको उमेर भएको अविवाहित कन्या स्त्रीले कसैलाई जन्म दियो भने त्यो बालक अवैधतरिकाले जन्माएको भनेर ठहर्छ। इस्राएली संस्कारमा अवैध यौन सम्पर्क राखेर गर्भवति भएको स्त्रीलाई कडा सजायँ दिइन्थ्यो ("२० तर यदि दोष सत्य ठहरियो र त्यस केटीमा कुमारीत्वको सबूत पाइएन भने, २१ बाबुको घरमा छँदै छाड़ा भएर इस्राएललाई लाजमर्दो काम गरेकी हुनाले त्यसलाई बाबुकै घरको ढोकामा ल्याएर सहरका मानिसहरूले ढुङ्गाले हानेर मारून्। तिमीहरूले तिमीहरूका मध्येबाट यस्तो खराबी हटाउनुपर्छ" व्यवस्था २२:२०-२१)। तर मानिसको आस्था र विश्वासलाई प्रेरणादिने बालक त्यस्तो खालको हव भनेर परमेश्वरले किन भन्नुहुन्थ्यो होला?

त्यसको बिपरित, नयाँ करारमा येशूलाई नै इम्मानुएल (मत्ती १:२१-२३) भनेर सम्बोधन गरिएको छ। उहाँ मगनीभएको तर विवाह नगरेको कन्याबाट आश्चर्य र शुद्धतरिकाले जन्मिनुभएको थियो। येशू परमेश्वरको पुत्र पनि हुनुहुन्छ (यशैया ९:६, मत्ती ३:१७) र यिशैको "हाँगा" वा "बंश"बाट जन्मिनुभएको थियो (यशैया ११:१,१० र प्रकाश २२:१६)। हुनसक्छ राजा आहाजलाई दिइएको "इम्मानुएल"को चिन्ह समयमामै पूरा हुने ख्रीष्टको जन्मलाई भविष्यवाणी औंल्याएको हुनसक्छ। येशूको जन्मले भविष्यवाणीको प्रगतिलाई प्रमाणित गर्दछ। तर पुरानो करारलाई ठ्याक्कै यही हो भनेर इम्मानुएलको बारेमा बताइएको छैन। तर हामीलाई के जान्नु आवश्यक थियो त्यो हामीलाई थाहा छः "तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो। उहाँ एउटी स्त्रीबाट जन्मनुभयो" (गलाती ४:४)। येशूद्वारा परमेश्वरको उपस्थिति हामीमा भएको छ।

**येशू ख्रीष्ट मानवीय चोलामा आउनुभएको वास्तविकताको बारेमा गहिरिएर सोच्नुहोस्। यस भयाभव, कठोर, मानवताप्रति असंवेदनशीला, एक आपसमा वेवास्ता गर्ने प्रवृत्तिले कठाङ्ग्रिएको हृदय भएका मानिसहरूको वास्तविक उपस्थितिले गर्दा चिन्तित भएको हामीलाई येशूको जन्मले कसरी आशा र सान्त्वना हामी पाउन सक्छौं?**

## ५. "परमेश्वर हामीसित"! (यशैया ७:१४)

**"यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ। हेर, कन्या गर्भवती हुनेछ, र त्यसले एउटा छोरा जन्माउनेछ र उनको नाउँ इम्मानुएल राखिनेछ" (यशैया ७:१४)**

यशैयाका छोराहरूको नाउँको अर्थ थियो। शिर्जाशुबको अर्थ "बाँकि, थोरै वा बचेखुचेका फर्किनेछन" थियोभने माहर-शलाल-हाश-बाज को अर्थ "छिटो पाउने इनाम, छिटै भाग्ने शिकार" थियो। त्यसरी नै इम्मानएलको पनि अर्थ छ। यसको अक्षरस अर्थ हो "हामीसँग परमेश्वर।" तर त्यसलाई प्रायजसो स्वीकार्यभएको अनुवादचाहीं "परमेश्वर हामीसँग हुनुहुन्छ"। तर यस अनुवादमा केही महत्त्वपूर्ण अर्थ गुमिएको छ। हिब्रू भाषामा सम्बोधन गरिएको यस खालका नाउँहरूमा क्रियापद हुँदैन। जसले गर्दा "हुनुहुन्छ" भन्ने क्रियापद थप्नुपर्दछ किनभने हिब्रू भाषामा यसरी व्यक्त गरिएको छैन। त्यसकारण इम्मानुएललाई "परमेश्वर हामासित हुनुहुन्छ" भनेर अनुवाद गर्नैपर्छ। यही सन्दर्भमा यशैया ८:१० पनि हेर्न सकिन्छ "युद्धको युक्ति रचना गर, तर त्यो विफल हुनेछ। तिमीहरूका उपाय प्रस्ताव गर, तर त्यो ठहर्नेछैन, किनकि परमेश्वर *हामीसित हुनुहुन्छ*।" येशूको अर्थ "प्रभु मुक्ति हुनुहुन्छ हो। यसमा पनि क्रियापद थपिएको छ। यो येशू भन्ने शब्द ग्रीक भाषामा र हिब्रू भाषाको छोट्करी यहोशुवा वा यहोशू हो। यशैयाको अर्थ "मुक्ति परमेश्वरको" हो।

तर "इम्मानुएल" भन्ने शब्द कुनै अस्पष्ट वा बुझ्न नसकिने वर्णन होइन। यहो अहिले नै पूरा भएको परमेश्वरको प्रतिज्ञाको अडान हो: "परमेश्वर हामीसित"!

### परमेश्वर हामीसित भन्ने प्रतिज्ञाको महत्त्व के छ?

यो जस्तो सान्त्वना दिने र हामीसित हुने परमेश्वरको प्रतिवद्धता यो भन्दा बलियो अरू छैन। परमेश्वरका जनहरू दुःख, पीडा, कठिनाइ, कष्ट, अभावको सामना गर्नेछैन भनेर उहाँले बाचा गर्नुभएको छैन। तर त्यस्तो विषम

वा दुःखद परिस्थितिमा उहाँ तिनीहरूसँग हुनेछ भन्ने प्रतिज्ञा वा बाचा उहाँले गर्नुहुन्छ। उहाँ आफ्ना जनहरूसँग कुनै पनि डरलाग्दो परिस्थितिमा हुने भएको हुनाले तिनीहरू ती दुःखकष्ट सहनसक्ने हुन्छ। भजनका लेखकले भन्छन्: "मृत्युको अन्धकारमय घाटी भएर जानुपरे तापनि म कुनै खतरादेखि डराउनेछैनँ, किनकि तपाईं मेरो साथमा हुनुहुन्छ। तपाईंको लट्ठी र तपाईंको लहुरोले मलाई सान्त्वना दिन्छन्" (भजनसंग्रह २३:४)

"परमेश्वरले भन्नुहुन्छः '२ तिमी पानी वा वाढीबाट भएर जाँदा म तिम्रो साथमा हुनेछु। तिमी नदीहरूबाट भएर जाँदा तिनले तिमिलाई डुबाउनेछैनन्। तिमी आगोबाट हिँड़र जाँदा डढ्नेछैनौ। त्यसको ज्वालाले तिमीलाई भस्म पार्नेछैन' (यशैया ४३:२)।

"जब दानिएलका तीन जना साथीहरूलाई बेबिलोनीहरूले आगोमा हुट्ट्याउँदा परमेश्वर कहाँ हुनुहुन्थ्यो त? उहाँ तिनीहरूसँगै थिए (दानिएल ३:२३-२५)। अनि रातभर एक जनासँग याकूब कुस्ती खेल्दा परमेश्वर कहाँ हुनुहुन्थ्यो त? उहाँ त याकूबकै पाखुरामा हुनुहुन्थ्यो, यो भन्दा नजिक उहाँ कति हुने? (**उत्पति** ३२:२४-३०)।

"बर्तमान संसारमा परमेश्वर भौतिकरूपमा नदेखिनुभएतापनि उहाँ उहाँका जनहरूले भोगिरहेका अनेकौं अनुभव र पीडामा उहाँपनि भोगिरहेको हुन्छ। जब रिसको आगोले जुर्मुरिएका धर्मात्मा भन्ने भिडले स्टिफनलाई ढुङ्गामुडा गरे त्यसबेला परमेश्वर कहाँ हुनुहुन्थ्यो त? उहाँ 'परमेश्वरको दाहिने हातमा उभिरहनुभएको थियो' (प्रेरित ७:५५)। तर जब येशू पुनरुत्थान हुनुभएपछि स्वर्गमा उत्रिनुभयो उहाँ त परमेश्वरको दाहिने हातमा बस्नुभएको थियो। हिब्रू १:३मा यसरी लेखिएको छः 'उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्भाल्नुहुन्छ। पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो।' तर जब स्टिफनले कष्ट भोग्न लागेको बेलामा र उनीमाथि ढुङ्गाको वर्षा बर्साउने बेलामा येशू किन उभिनुभयो त? एडभेन्टिस्ट चर्चको प्रख्यात चिन्तक र प्रवचनकर्ता मोरिस भेन्डनले भन्नु हुन्छ, 'येशू त्यो कष्ट थच्चक्क बसेर लिनुहुन्न!'"-ग्वाय गेन, *गड्स फल्टी हिरोज* (हागरसटाउन, मेरिल्याण्ड, रिभ्यु, १९९६), पृ. ६६बाट रूपान्तरित।

**"परमेश्वर हामीसित हुनुहुन्छ" भन्ने प्रतिज्ञा भएतापनि जब हामीले अनेकौं भयानक कष्ट, पीडा, दुःख, परिक्षाको सामना गर्नुपर्दा त्यस प्रतिज्ञाले हामीलाई कसरी प्रभाव पार्न सक्छ? हामीसित उहाँ हुने प्रतिज्ञाको ज्ञानले हामीलाई कसरी असल र सहनशील प्रभाव पार्न सक्छ? सोच्नुहोस्।**

## उपसंहार

**थप जानकारीः**

"उहाँको नाउँ इम्मानुएल हुनेछ,....परमेश्वर हामीसित।' 'परमेश्वरको महिमाको ज्ञान येशू ख्रीष्टको मुहारमा चम्केको देखिएको छ।' अनन्त समयदेखि नै प्रभु येशू ख्रीष्ट पितासँग एक हुनुहुन्थ्यो। उहाँ 'परमेश्वरको स्वरुपमा' हुनुहुन्थ्यो,।' परमेश्वरको राजकिय र महानताको स्वरुप उहाँको महिमामा प्रज्वलित भएर चम्किरहेको थियो। यही महिमालाई प्रकट गर्न उहाँ यस संसारमा आउनुभएको थियो। पापै पापले अन्धकार बनाएको यस संसारमा परमेश्वरको प्रेमको दिव्यज्योति ज्ञान प्रकट गर्न उहाँ आउनुभएको थियो। "परमेश्वर हामीसित हुन" उहाँ आउनुभएको थियो। त्यसकारण उहाँको बारेमा यो भविष्यवाणी गरिएको थियो, 'उहाँको नाउँ इम्मानुएल कहलाइनेछ।'"-एलेन जी ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. १९बाट रूपान्तरित।

"जुन सन्देश राजा आहाजले पाएका थिए यदि यो स्वर्गबाट नै आएको हो भनेर स्वीकार गरेको भए यहूदा देशको निम्ति भलो हुनेथियो। तर सांसारिक पाखुरा वा बलमा भरपरेर उनले अयहूदी वा मूर्तिपूजा गर्ने राष्ट्रबाट सहयोग खोजे। आजित र निराश भएर असेरियाका राजा तिग्लतपिलेसेरलाई यो पत्र लेखे, '"म तपाईंको दास र तपाईंकै मातहत सेवक हुँ। मलाई आक्रमण गर्ने अरामका राजा र इस्राएलका राजाबाट आएर मलाई बचाउनुहोस्।' (२ राजाहरू १६:७)। उनले त्यो अनुरोधसँगै राजाको र मन्दिरको धुकुटीबाट ठूलो धनराशी पठाएका थिए।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्गस,* पृ. ३२९बाट रूपान्तरित। ("अनि आहाजले परमप्रभुको मन्दिरमा र राजमहलका भण्डारहरूमा भेट्टाएका सुन र चाँदी लिएर कोसेलीको रूपमा अश्शूरका राजाकहाँ पठाए।" (२ राजाहरू १६:८)।

**चिन्तनमनन:**

**अ. यथार्थमा भन्ने हो भने जब तपाईंले कुनै निर्णय गर्ने तरखरमा हुनुहुन्छ के तपाईंले परमेश्वरसँग कुनै चिन्ह माग्नु जायज छ त? यस्तो कदममा के खतराहरू उत्पन्त हुनसक्छ?**

**आ. हामी मानिस हौं। हामीलाई मानव सहायताको आवश्यक हुन्छ र असल पनि हो, तर कुन हदसम्म वा सहायता माग्दा त्यसको सिमित कसरी थाहा पाउने?**

**इ. रुसको प्रख्यात साहित्यकार लियो टोलोस्ट्वायले आफ्नो साथीलाई यसरी पत्र लेखेका थिए, "जब मानिसले एक पटक मृत्यु नै सबै थोकको अन्त्य हो भनेर महसुस गर्छ तब उसको लागि जीवनजस्तो खराब पनि अरू केही हुनसक्दैन।" तर "परमेश्वर हामीसित हुनुहुन्छ" भन्ने आत्मज्ञान भयो ट्वालस्ट्वाइको जस्तो भनाइलाई कसरी जवाफ दिने?**

**सारांश:** परमेश्वरको नीतिनिर्देशनमा नहिंड्ने र जथाभावी देवीदेवताहरूलाई पूजा गरेर आफ्नै छोराहरूलाई पनि होमबलि दिइ निरङ्कुस बनेका राजा आहाजलाई परमेश्वरले यस्तो परिस्थितिमा पार्नुभयो कि उनले अत्यन्तै कठिन निर्णय गर्नुपरेको थियो: परमेश्वरलाई विश्वास गर्ने कि नगर्ने, यो प्रश्न उनको अगाडि धरोहरको रूपमा खडा भएको थियो। यदि आफूलाई विश्वास गरे राजाले अनुमान गर्नसक्नेभन्दा अपारको चिन्ह वा प्रमाण दिन्छु भनेर परमेश्वरले बाचा गर्नुभएको थियो। राजाले जीवित परमेश्वरलाई किन विश्वास गर्नुपर्छ भन्ने प्रमाण उहाँले दिन चाहनुभएको थियो। तर परमेश्वरलाई विश्वास गर्नुको सट्टा उनले परमेश्वरलाई नै विश्वास नगर्ने "साथी" भनाउँदा असेरियाका राजालाई चुने।

## कथा ३
## नयाँ जीवन पाएको व्यक्ति
## आन्ड्रेइ अब्रामयान, २२, रुस

जब म १५ वर्षको थिएँ गर्मीको छुट्टीमा बक्सिङ्ग खेल्ने तालिम लिइरहेको थिएँ। एक दिन तालिम पछि म घर फर्किन्दै थिएँ मेरो मगजमा एउटा सोच पस्यो, "तिमी त बिरामी छौ।" त्यो सोचलाई मैले वास्ता गरिनँ। जब म घर पुगेँ म मेचमा थचक्क बसेँ। मेरो दिमागमा उदासिनता आइरहेको थियो। मलाई डाक्टरकहाँ लैजान मैले बुबाआमालाई अनुरोध गरेँ। यदि म मानसिकरुपमा पिडित भएको भए मलाई स्कूलबाट निकाल्नेछ भनेर महसुस गरेँ। तर म तत्कालै डाक्टरकहाँ गइँन। दुई महिनापछि अर्को सातोपुत्लो नै लिने सोच ममा पस्यो, "तिमी एक महिनाभित्र मर्नेछौ।" म त झन झन बिरामी जस्तो भएँ। बाँच्नुको केही अर्थ देखिनँ। सबैले भन्न थाल्यो मैले अरुको ध्यान तान्न खोजिरहेको छु। तर मभित्र एउटा पीडा थियो। मलाई कसैले पनि बुझ्न सकेन। मलाई थाहा भएन मलाई के भइरहेको छ। महिनाको अन्तमा मेरी हजुरआमाले हाम्रो घरमा आउनुभएर मेरो कपाल काटी दिनुभयो।

जब उनले कपाल काट्दै थिइन् म रोएँ। "नरुनु। म तिम्रो कपाल काटी सिध्याउँछु" हजुरआमाले भनिन्। म युवा अवस्थामा बढिरहेकोले मभित्र केही शारीरिक परिवर्तन भइरहेको छ भनेर उनले सोचिन्। "हजुर आमा म त मर्दैछु" मैले उहाँलाई भनेँ। हजुर आमाले पनि उनको ध्यान ममा लागोस् भन्ने मैले चाहेको भन्थानिन्। खासमा म आत्महत्या गर्न चाहेको थिएँ। तर मैले आत्महत्या गर्न सकिनँ। हजुर आमाले मेरो कपाल काटेपछि उनी मेचमा बसिन्। आमा पनि नजिकै हुनुहुन्थ्यो। म मेरो मेचमा बसिरहेँ। कोठाको सिलिङ्गमा हेर्दै मैले प्रार्थना गरेँ, "हे परमेश्वर तपाईं हुनुहुन्छ भने मलाई सहायता गर्नुहोस्।" तर केही पनि भएन। बाथरुमभित्र गएर आत्महत्या गर्ने मनमा सुर आयो। तर त्यसैबेला सिलिङ्गबाट एउटा प्रकाश आयो जुन अचानक बिजुली चम्केको जस्तो थियो। मेरो छातीभित्र पस्यो। मलाई कस्तो भयो त्यो यहाँ वयान गर्न सक्दिनँ। त्यस समय मलाई अत्यन्तै रमाइलो लागिरहेको थियो। मभित्र अनन्त जीवन पसेको जस्तो महसुस भयो। यो सबै थोक एकै क्षणमा भएको थियो। मेरो मेचबाट म जुरुक्क उफ्रेँ र चिच्याएँ, "परमेश्वरको जय होस्! उहाँले मलाई निको पारिदिनुभयो!" हजुर आमा र आमाले त्यो

ज्योति देखेका थिएनन्। तिनीहरू मप्रति चिन्तित भए। "शान्त रहो, सबै ठीक हुनेछ" हजुर आमाले भन्नुभयो। म हर्षले उन्मुक्त भएर आमालाई अङ्गालोमारेँ। आमालाई मैले धेरै दिन नदेखेको जस्तो भएको थियो। "परमेश्वरले मलाई निको पार्नभयो" खुशी भएर मैले आमालाई भनेँ।

मेरो आफ्नै भाइ भाडिम कम्प्युटरमा खेलिरहेको थियो। उसलाई मैले प्रकाशको बारेमा बताउँदै "मलाई परमेश्वरले निको पार्नुभयो" भनेँ। उसले विश्वास गरेन। मैले त्यसै कथा बनाइरहेको छु भनेर उसले सोच्यो। म त बहुला भयो भनेर हजुर आमाले सोचिन्। मलाई थाहा थियो कि मैले आत्महत्या गर्न खोजेको थिएँ, तर कसैले मलाई उद्धार गर्नुभयो। त्यसैबेला परमेश्वर रहनुहुन्दो रहेछ भनेर मैले महसुस गरेँ। त्यसै दिनदेखि येशूसँग लामो यात्रामा लागेँ। आज म जाओक्सकी एडभेन्टिस्ट विश्वविद्यालयमा पास्टर हुन ईस्वरीय शास्त्र पढ्दैछु। मेरो परिवार मदेखि खुशी छन्। म नयाँ व्यक्ति भएँ भनेर तिनीहरूले मलाई भन्छन्। परमेश्वरले मेरो जीवनमा चङ्गाइ ल्याउनुभएको थियो भनेर म विश्वास गर्छु। जुन दिन म उहाँलाई रोएर पुकार गरेको थिएँ उहाँले मलाई सुन्नुभएको थियो। त्यस दिनदेखि म अर्कै भएको थिएँ। मेरो प्रार्थना सुन्नुहुने परमेश्वरको म प्रशंसा गर्दछु।

*-आन्द्रै आब्रम्यानले यो कथा आन्द्र्यु मेकचेस्नीलाई बताएको अनुसार*